# प्रदेशको वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७८

आन्तरिक मामिला
न्त्रालय, बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# <u>प्रदेशको वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७८</u>

**<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>**

**२०७८।११।२३**

**<u>प्रस्तावनाः</u>** बागमती प्रदेश सरकारको वित्तीय प्रणाली व्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाउन प्रादेशिक वित्त व्यवस्थापनका सम्भावित जोखिमका क्षेत्रहरूको पहिचान गरी यसको लेखाजोखाको माध्यमबाट प्रदेश सरकारको वित्तीय सुशासनलाई संस्थागत गर्न वान्छनीय भएकोले प्रदेश सुशासन ऐन, २०७७ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "प्रदेशको वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) “अङ्कभार” भन्नाले यस कार्यविधिको सूचकमा तोकिए बमोजिमको अङ्कभारलाई सम्झनु पर्छ।

(ख) “कार्ययोजना” भन्नाले वित्तीय जोखिम न्यूनीकरण कार्ययोजनालाई जनाउँदछ ।

(ग) “नतिजाको जोखिम” भन्नाले सार्वजनिक श्रोत साधनको प्रयोगबाट लक्षित वर्गको जीवनस्तरमा परिणाममुखी सकारात्मक परिवर्तन आउन नसक्ने सम्भावनाको जोखिम सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(घ) “प्रक्रियाको जोखिम” भन्नाले सार्वजनिक वित्तीय साधन स्रोतको प्रयोग गर्दा प्रचलित कानूनले निर्धारण गरेको विधिसम्मत प्रकृयाको उल्लङ्घन सम्भावनाको जोखिमलाई सम्झनु पर्छ ।

(ङ) “प्रतिवेदन” भन्नाले मूल्याङ्कनबाट प्राप्त नतिजालाई सम्प्रेषण गर्नका लागि तयार गरिएको विवरणलाई सम्झनु पर्छ। सो शब्दले सूचना प्रविधिमा आधारित ढाँचाबाट प्राप्त विवरणलाई समेत जनाउँछ ।

(च) “प्रदेश सरकार” भन्नाले बागमती प्रदेश सरकार सम्झनु पर्छ।

(छ) “प्रदेश” भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ज) “मन्त्रालय” भन्नाले बागमती प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ । सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँछ।

(झ) “मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय” भन्नाले बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ ।

(ञ) “मूल्याङ्कन” भन्नाले यस कार्यविधि बमोजिमका वित्तीय सुशासन जोखिमका क्षेत्रमा भएको उपलब्धि र सो हासिल गर्न अवलम्बन गरिएको प्रक्रियालाई सम्झनु पर्छ ।

(ट) “वित्तीय अनुशासनको जोखिम” भन्नाले सार्वजनिक वित्तीय शक्ति र साधनलाई निजी फाइदाको लागि दुरूपयोग हुनसक्ने सम्भावनाको जोखिमलाई सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ठ) “वित्तीय सुशासन जोखिम” भन्नाले वित्तीय श्रोत र साधनको उद्देश्य अनुरुप प्रयोग नहुने, प्रकृयाको पालना नहुने र कमजोर व्यवस्थापनका कारण सार्वजनिक वित्तीय साधन तोकिएको वर्ग, लक्ष्य र प्रयोजनमा खर्च नहुने र यसबाट अपेक्षित नतिजा निस्कन नसक्ने सम्भावनालाई सम्झनु पर्छ।

(ड) “सचिव” भन्नाले प्रदेश मन्त्रालयको सचिवलाई सम्झनु पर्छ।

(ढ) “सूचक” भन्नाले यस कार्यविधिको अनुसूची-२ र अनुसूची-६ मा उल्लेख गरिएका सूचकहरूलाई सम्झनु पर्छ।

## परिच्छेद- २

## मूल्याङ्कनको विषय क्षेत्र, तह र सूचकहरू

३. मूल्याङ्कनका विषय क्षेत्र (१) यस कार्यविधिको अधीनमा रही प्रदेश सरकारको वित्तीय सुशासनका मूल्याङ्कनका विषय क्षेत्रहरू देहाय बमोजिम हुनेछन्:-

(क) अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण,

(ख) कार्यान्वयन क्षमता तथा व्यवस्थापन,

(ग) योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन,

(घ) राजस्व व्यवस्थापन,

(ङ) लेखाङ्कन तथा प्रतिवेदन।

(२) उपदफा (१) बमोजिमका विषय क्षेत्रहरूको मूल्याङ्कन देहायको जोखिमको आधारमा गरिनेछ।

(क) प्रक्रियाको जोखिम,

(ख) नतिजाको जोखिम,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(ग) वित्तीय अनुशासनको जोखिम।

(३) उपदफा (२) बमोजिम मन्त्रालयका सूचकहरुको अवस्था अनुसार अङ्कभार, मूल्याङ्कन, सारांश तथा वर्गीकरण क्रमशः अनुसूची-१, अनुसूची-२, अनुसूची-३ र अनुसूची-४ बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिम प्रदेशका सूचकहरुको अवस्था अनुसार अङ्कभार, मूल्याङ्कन, सारांश तथा वर्गीकरण क्रमशः अनुसूची-५, अनुसूची-६, अनुसूची-७, र अनुसूची-८ बमोजिम हुनेछ।

## परिच्छेद- ३

## मूल्याङ्कनका प्रक्रिया तथा अङ्कभार

४. **मूल्याङ्कन प्रक्रियाः** (१) यस कार्यविधि बमोजिमको मूल्याङ्कन प्रदेशको एकीकृत सूचकको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले, मन्त्रालयगत सूचकको हकमा सम्बन्धित मन्त्रालयले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन नतिजा प्राप्त भएपछि मन्त्रालय तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अनुसूची-४ बमोजिम वित्तीय सुशासन जोखिम अवस्थाको वर्गीकरण गर्नेछ ।

(३) उपदफा (१) बमोजिम मूल्याङ्कन नतिजा प्राप्त भएपछि मन्त्रालयले अनुसूची-९ बमोजिमको ढाँचा अनुरुप वित्तीय सुशासन जोखिम न्यूनीकरण कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

५. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको भूमिकाः** मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको भूमिका देहाय बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) नतिजा विश्लेषणको आधारमा मन्त्रालय वा निकायको क्षमता विकास कार्यक्रमहरू सञ्चालन गर्ने,

(ख) प्रदेशको वित्तीय सुशासन जोखिमको एकीकृत लेखाजोखा गरी प्रतिवेदन तयार गर्ने,

(ग) मन्त्रालयको वित्तीय सुशासन जोखिम मूल्याङ्कन र प्रदेशको एकीकृत वित्तीय सुशासन जोखिम मूल्याङ्कनको नतिजाका आधारमा वित्तीय सुशासन प्रवर्द्धनको लागि कार्ययोजना तयार गरी कार्यान्वयनका लागि आवश्यक सहजीकरण गर्ने,

(घ) मन्त्रालयलाई वित्तीय सुशासन, लेखाजोखा तथा प्रक्रियाका बारेमा अनुशिक्षण गर्ने,

(ङ) मूल्याङ्कनको अन्तिम नतिजाको आधारमा मन्त्रालयको वर्गीकरण जोखिमका आधारमा गर्ने,

(च) यस कार्यविधि बमोजिम गरिने मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी बनाउन समन्वय, सहयोग र सहजीकरण गर्ने,

(छ) यस कार्यविधि बमोजिम गरिने मूल्याङ्कनको नतिजा सूचना प्रविधिमा आधारित ढाँचामा प्रबिष्टि गर्ने तथा भण्डारण, सुरक्षण, सार्वजनिकीकरण लगायतका कार्यमा सहयोग गर्ने,

(ज) यस कार्यविधि बमोजिम मन्त्रालयको मूल्याङ्कन नतिजालाई विश्लेषण गरी एकीकृत प्रतिवेदन तयार गर्ने,

(झ) यस कार्यविधि बमोजिमको प्रणाली सञ्चालन तथा व्यवस्थापनका लागि सम्बन्धित महाशाखालाई जिम्मेवारी तोक्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

६.  **<u>मन्त्रालयको भूमिकाः</u>** (१) यस कार्यविधि बमोजिम मन्त्रालयको लागि निर्धारण गरिएको सूचकको मूल्याङ्कन प्रक्रियामा मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछ ।

(क) अनुसूची-९ बमोजिमको ढाँचामा कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउने,

(ख) मन्त्रालय र मातहतका कार्यालयका कर्मचारीहरूलाई मूल्याङ्कनको उद्देश्य र मूल्याङ्कन विधिबारे जानकारी तथा प्रशिक्षित गर्ने,

(ग) मन्त्रालय र मातहतका कार्यालयको वित्तीय सुशासन जोखिमको विश्लेषण गरी मूल्याङ्कन गर्ने,

(घ) मूल्याङ्कन कार्यको सहजीकरण र समन्वयका लागि सम्बन्धित महाशाखा प्रमुखलाई सम्पर्क व्यक्ति तोक्ने,

(ङ) मूल्याङ्कनको नतिजा मन्त्रालयको वेबसाइट मार्फत सार्वजनिक गर्ने,

(च) मूल्याङ्कनको नतिजाको प्रारम्भिक प्रतिवेदनको समीक्षा गर्ने,

(छ) यस कार्यविधि बमोजिमको प्रक्रियाबाट गरिने मूल्याङ्कनको नतिजा सूचना प्रविधिमा आधारित ढाँचामा प्रबिष्टि गर्ने।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको कार्ययोजना कार्यान्वयनका लागि आवश्यक समन्वय, सहयोग, सहजीकरण आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) मन्त्रालयले मूल्याङ्कनको नतिजाको प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई मूल्याङ्कन सकिएको १५ दिनभित्र उपलब्ध गराउने।

७. **मूल्याङ्कन गरिने समयावधिः** (१) यस कार्यविधि बमोजिम गरिने मूल्याङ्कन प्रत्येक आर्थिक वर्षको पुस मसान्तभित्र सम्पन्न गरिसक्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन गर्दा अघिल्लो आर्थिक वर्षको अन्त्यसम्मका तथ्याङ्कलाई आधार मानी सबै सूचकको अङ्क गणना गर्नुपर्नेछ ।

८. **नतिजाको समीक्षा गर्नेः** (१) यस कार्यविधि बमोजिम प्राप्त मूल्याङ्कन नतिजा उपर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले वार्षिक समीक्षा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने समीक्षामा प्रदेश सरकारका मन्त्रालय वा निकाय र अन्य निकायलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

९. **मूल्याङ्कनको ढाँचा हेरफेर गर्न सक्नेः** (१) प्रदेश सरकारले मूल्याङ्कनबाट प्राप्त नतिजा, पृष्ठपोषण तथा समीक्षा कार्यक्रमबाट प्राप्त सुझावको आधारमा यस कार्यविधि बमोजिम गरिने मूल्याङ्कनका सूचक वा अङ्कभारमा आवश्यक हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन सूचक र अङ्कभारमा परिमार्जन, संशोधन वा थपघट गर्नु परेमा एक आर्थिक वर्षको परिणाम आईसकेपश्चात् अर्को वर्षको मूल्याङ्कन प्रक्रिया सुरु हुनुभन्दा कम्तीमा ३ महिना अगावै गरी सक्नु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद- ४

## विविध

**१०. कार्यसम्पादन सूचकको आधारको रूपमा लिन सकिनेः** (१) यस कार्यविधि बमोजिम गरिएको मूल्याङ्कन नतिजालाई मन्त्रालयको वित्तीय सुशासनको सूचकको रूपमा उपयोग गर्न सकिनेछ।

(२) मन्त्रालयलाई बजेटको सिलिङ उपलब्ध गराउँदा यस कार्यविधि बमोजिमको नतिजालाई समेत आधार मानिनेछ।

**११. प्रतिवेदन उपलब्ध गराउनुपर्नेः** यस कार्यविधि बमोजिम तयार गरिएको प्रदेशको वित्तीय सुशासन जोखिम मूल्याङ्कन प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मन्त्रालय/निकायलाई उपलब्ध गराउनु पर्नेछ।

**१२. बजेट ब्यवस्थाः** यस कार्यविधि बमोजिम गरिने वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यको लागि आवश्यक बजेट मन्त्रालयले व्यवस्था गर्नेछ ।

**१३. मूल्याङ्कन नतिजाको गुणस्तर सुनिश्चितताः** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मूल्याङ्कन नतिजा तथा गुणस्तरको सुनिश्चितता परीक्षणको लागि आवश्यक प्रबन्ध मिलाउन सक्नेछ ।

**१४. बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा कुनै बाधा उत्पन्न भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-१

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

**<u>मन्त्रालयको सूचकहरूको अवस्था अनुसार अङ्कभार</u>**

| **सूचकको तह** | **सूचक संख्या** | **भार अनुपात** | **नतिजा विश्लेषण तथा अङ्कभार निर्धारणका आधार** |
|---|---|---|---|
| प्रक्रिया | १६ | ३३% | प्रत्येक सूचकको १ अङ्क (पूर्णाङ्क) निर्धारण गरिएको छ । सूचक पुरा भएको छ वा छैनका आधारमा ० वा १ अङ्क दिइनेछ । |
| नतिजा | १५ | २९% | |
| वित्तीय अनुशासन | २० | ३८% | |
| जम्मा | ५१ | १००% | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बा

अनुसूची-२

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

**मन्त्रालयका सूचकहरूको अवस्था अनुसार मूल्याङ्कन**

## क. योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन

| विवरण | अङ्क भार | | |
|---|---|---|---|
| **(क) प्रक्रिया व्यवस्थापन** | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | |
| | | **छ (१)** | **छैन (०)** |
| (१) मन्त्रालयले आफ्नो मन्त्रालयसँग सम्बन्धित स्वीकृत वार्षिक बजेट, नीति तथा कार्यक्रमका आधारमा वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन योजना तयार गरी यसको विद्युतीय प्रतिलाई आफ्नो वेवसाइटमा सार्वजनिक गरेको । | १ | | |
| (२) मन्त्रालयसँग सम्बन्धित वार्षिक कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण गर्ने गरिएको । | १ | | |
| (३) मन्त्रालय मातहतका खर्च गर्ने निकायबाट बजेट तथा कार्यक्रम PLMBIS मा प्रविष्टि गरी सोही बमोजिम अख्तियारी प्रदान गरिएको। | १ | | |
| **(ख) नतिजा व्यवस्थापन** | | | |
| (१) प्रदेशको आवधिक योजनाको आधारमा मन्त्रालयको रणनीतिक कार्यान्वयन योजना तयार गरी वेबसाइटमा सार्वजनिक गरेको । | १ | | |
| (२) मन्त्रालयको लागि स्वीकृत वार्षिक बजेट, नीति तथा कार्यक्रमको आधारमा मन्त्रालयले कार्यक्रम सञ्चालन मार्गदर्शन तयार गरी मातहतका निकायमा उपलब्ध गराउनका साथै वेबसाइटमा समेत सार्वजनिक गरेको । | १ | | |
| (३) मन्त्रालयले प्रदेशको आवधिक योजनाको आधारमा विषय क्षेत्रसँग सम्बन्धित आयोजनाहरुको अनुमानित लागत अनुमान सहित तयार भएको परियोजना बैंक अनुसार आयोजना वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरेको । | १ | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## ख. कार्यान्वयन क्षमता तथा व्यवस्थापन

| विवरण | अङ्क भार | | |
|---|---|---|---|
| (क) प्रक्रिया व्यवस्थापन | पूर्णाङ्क | प्राप्ताङ्क | |
| | | छ (१) | छैन (०) |
| (१) मन्त्रालय र मातहतका सबै नियकायमा खरिद इकाई गठन भई सो इकाई खरिद कार्यमा सक्रिय रहेको । | १ | | |
| (२) भवन सम्बन्धी योजनाहरू कार्यान्वयन गर्दा वा भवनको मर्मत सम्भार गर्दा सम्बन्धित स्थानीय तहबाट नक्सा पास गरी नेपाल राष्ट्रिय भवन संहिता एनविसी १०५: २०७७ अनुसरण गरी भवन निर्माण/मर्मत गर्ने गरिएको । | १ | | |
| (३) प्रदेश मन्त्रालय र मातहतका सबै निकायले भवन भाडामा लिंदा सम्बन्धित स्थानीय तहबाट नक्सा पास भएको भवन मात्र भाडामा लिने गरिएको । | १ | | |
| (४) मन्त्रालय र मातहतका सबै निकायले कर्मचारीको तलबी प्रतिवेदन पारित गरी भुक्तानी हुने गरेको । | १ | | |
| (ख) नतिजा व्यवस्थापन | | | |
| (१) मन्त्रालय र मातहतका निकायले स्वीकृत वार्षिक बजेट र कार्यक्रमको स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च नगरिएको। | १ | | |
| (२) गत आर्थिक वर्षमा कुल बजेटको कम्तीमा ८० प्रतिशत वित्तीय प्रगति भएको । | १ | | |
| (३) गत आर्थिक वर्षमा प्राथमिकता प्राप्त आयोजनामा ८० प्रतिशत वित्तीय प्रगति भएको । | १ | | |
| (४) मन्त्रालय र मातहतका सबै निकायको रिक्त स्थायी दरबन्दीमा पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत माग आकृति फाराम भरी पठाइएको । | १ | | |
| (ग) वित्तीय अनुशासन नियन्त्रण | | | |
| (१) गत आर्थिक वर्षमा एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने आयोजना वा वार्षिक १० करोड रुपैयाँभन्दा बढी रकमको लागत अनुमान भएको खरिद गर्दा स्वीकृत खरिद गुरुयोजना अनुसार मात्र खरिद भएको। | १ | | |
| (२) गत आर्थिक वर्षमा वार्षिक १० लाख रुपैयाँभन्दा बढी | १ | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | |
|---|---|---|---|
| रकमको लागत अनुमान भएको खरिद गर्दा स्वीकृत वार्षिक खरिद योजना अनुसार मात्र खरिद भएको। | | | |
| (३) गत आर्थिक वर्षमा नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनमा खर्च भएको । | १ | | |
| (४) उपभोक्ता समितिले निर्माण तथा सञ्चालन गर्न जिम्मा लिएका कार्यहरू उपभोक्ता समितिले ठेकेदारलाई ठेक्कामा दिने नगरेको। | १ | | |
| (५) उपभोक्ता समिति गठन गर्दा आयोजना स्थलमा नै आम भेला गराई आयोजना क्षेत्रका वास्तविक लाभग्राही जनताबाट नै उपभोक्ता समिति गठन हुने गरेको । | १ | | |
| (६) उपभोक्ता समितिबाट हुने आयोजनाको काममा उपभोक्ताले आयोजना लागतको कम्तीमा २० प्रतिशत नगद लागत सहभागिता जुटाएको। | १ | | |

## ग. लेखाङ्कन तथा प्रतिवेदन

| **विवरण** | **अङ्कभार** | | |
|---|---|---|---|
| **(क) प्रक्रिया व्यवस्थापन** | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | |
| | | **छ (१)** | **छैन (०)** |
| (१) आय व्ययको आवधिक विवरण महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा तयार गर्ने गरिएको। | १ | | |
| (२) स्थानीय तहको विवरण समेत समावेश गरी प्रदेशले आफ्नो आय व्ययको चौमासिक शीर्षकगत विवरण महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा तयार गरी चौमासिक अवधि सकिएको १५ दिनभित्र सम्बन्धित निकायमा पेश गरेको । | १ | | |
| (३) प्रदेश सरकारबाट स्वीकृत नियमावली, आदेश, निर्देशिका, मापदण्ड तथा कार्यविधिहरू प्रदेश राजपत्रमा प्रकाशित भएको । | १ | | |
| **(ख) नतिजा व्यवस्थापन** | | | |
| (१) अघिल्लो आर्थिक वर्षको आय व्ययको बजेट कार्यान्वयनको वार्षिक प्रगति समीक्षा प्रतिवेदन कार्तिक मसान्तभित्र वेबसाइटमा सार्वजनिक गरिएको । | १ | | |
| (२) सूचनाको हक सम्बन्धी कानून बमोजिम सूचना प्रकाशन गरेको। | १ | | |
| **(ग) वित्तीय अनुशासन नियन्त्रण** | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | |
|---|---|---|---|
| (१) सबै प्रकारको राजस्व समयमै प्रदेश सञ्चित कोषमा जम्मा हुने गरेको । | १ | | |
| (२) रकमान्तर गर्दा प्रचलित कानूनले तोकेको सीमाभन्दा बाहिर गएर रकमान्तर नगरिएको । | १ | | |
| (३) भुक्तानी बैंकिङ प्रणालीबाट (नगद रहित भुक्तानी) भएको । | १ | | |
| (४) प्रदेश मन्त्रालय र मातहतका निकायमा रहेका कर्मचारीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र सम्पत्ति विवरण सम्बन्धित निकायमा बुझाएको । | १ | | |
| (५) प्रदेश तहमा निर्वाचित तथा मनोनीत लाभको पद धारण गरेका पदाधिकारीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र सम्पत्ति विवरण प्रस्तुत गरेको। | १ | | |
| (६) मन्त्रालय र मातहतका निकायले सरकारी सम्पत्तिको विवरण अद्यावधिक गरेको । | १ | | |
| (७) अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा मात्र सरकारी सम्पत्तिको प्रयोग हुने गरेको र यस्तो अभिलेखको विवरण अद्यावधिक राख्ने गरेको । | १ | | |

## घ. अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण

| विवरण | अङ्कभार | | |
|---|---|---|---|
| (क) प्रक्रिया व्यवस्थापन | पूर्णाङ्क | प्राप्ताङ्क | |
| | | छ (१) | छैन (०) |
| (१) गत आर्थिक वर्षको अन्तिम लेखापरीक्षणको प्रतिवेदन प्राप्त भएको मितिले १५ दिनभित्र वेबसाइटबाट सार्वजनिक गरिएको । | १ | | |
| (२) मन्त्रालय र मातहतका निकायको आय व्ययको आन्तरिक लेखापरीक्षण भएको र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियतलाई अन्तिम लेखापरीक्षण हुनु आगावै सम्परीक्षण गर्ने गरिएको । | १ | | |
| (३) आन्तरिक लेखापरीक्षणको प्रतिवेदनको एक प्रति अन्तिम लेखापरीक्षणका लागि खटिने डोर वा महालेखा परीक्षकले तोकेको व्यक्ति वा निकायलाई उपलब्ध गराइएको । | १ | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | |
|---|---|---|---|
| (४) भ्रमणबाट फर्किएको ७ दिन भित्र भ्रमण प्रतिवेदन पेश गर्ने गरिएको । | १ | | |
| **(ख) नतिजा व्यवस्थापन** | | | |
| (१) कार्यान्वयन कार्ययोजना अनुसार क्रियाकलापहरु समयमा सम्पन्न भएको। | १ | | |
| (२) आयोजनाको आवधिक मूल्याङ्कन प्रतिवेदन तयार गरी सार्वजनिक गरेको। | १ | | |
| (३) सम्पन्न विकास आयोजना तथा परियोजनाको प्रभाव मूल्याङ्कन भएको । | १ | | |
| **(ग) वित्तीय अनुशासन नियन्त्रण** | | | |
| (१) अघिल्लो आर्थिक वर्षको आय व्ययको महालेखा परीक्षकबाट प्राप्त प्रतिवेदनमा बेरुजु नरहेको । | १ | | |
| (२) वर्षको कम्तीमा एकपटक आफूले गरेको कामको सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्ने गरिएको। | १ | | |
| (३) कार्यालयबाट भएको काम कारबाहीको विषयमा सर्वसाधारणलाई मासिक, चौमासिक र वार्षिक रुपमा जानकारी दिने गरिएको । | १ | | |
| (४) लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समिति गठन भएको। | १ | | |
| (५) कार्यालयबाट सम्पादन गरिने कार्य सम्पादन र वित्तीय प्रणाली व्यवस्थित एवं प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणाली लागू भएको । | १ | | |
| (६) मन्त्रालय र मातहतका निकायबाट हुने गरेको काम करबाहीको विषयलाई अनुगमन गर्न वार्षिक अनुगमन कार्ययोजना तयार गरी सो अनुसार अनुगमन हुने गरेको । | १ | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## ङ. राजस्व व्यवस्थापन

| विवरण | अङ्कभार | | |
|---|---|---|---|
| | | प्राप्ताङ्क | |
| **(क) प्रक्रिया व्यवस्थापन** | **पूर्णाङ्क** | **छ (१)** | **छैन (०)** |
| (१) प्रदेश कानून अनुसार स्थापना भएका कोषहरू कानून बमोजिम खर्च हुने गरेको । | १ | | |
| (२) राजस्व संकलन गर्दा बैंक मार्फत संकलन हुने गरेको । | १ | | |
| **(ख) नतिजा व्यवस्थापन** | | | |
| (१) राजश्व बाँडफाँट रकमको मासिक हिसाब भई सम्बन्धित तहलाई उपलब्ध हुने गरेको । | १ | | |
| (२) मन्त्रालय र मातहतको निकायबाट समष्टिगत रूपमा सेवा शुल्क दस्तुर र आन्तरिक आयबाट हरेक वर्ष राजस्व वृद्धि भएको । | १ | | |
| (३) राजश्व संकलन, अभिलेखीकरण र प्रतिवेदनलाई विद्युतीय प्रणालीमा आबद्ध गरिएको । | १ | | |
| **(ग) वित्तीय अनुशासन नियन्त्रण** | | | |
| (१) संकलन भएको राजस्व कानून बमोजिम बैंकमा जम्मा हुने गरेको । | १ | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-३

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

**मन्त्रालयका सूचकहरूको अवस्था अनुसारको सारांश तालिका**

| सि. नं. | विषय क्षेत्र | सूचक संख्या/अङ्क | सूचकको तहगत प्रासाङ्क | | | कुल प्रासाङ्क |
|---|---|---|---|---|---|---|
| | | | प्रक्रिया सूचक | नतिजा सूचक | वित्तीय अनुशासन नियन्त्रणका सूचक | |
| १. | **सूचक क्षेत्र १ :** योजना बजेट तथा कार्यक्रमको व्यवस्थापन | ६ | | | | |
| २. | **सूचक क्षेत्र २ :** कार्यान्वयन क्षमता तथा व्यवस्थापन | १४ | | | | |
| ३. | **सूचक क्षेत्र ३ :** लेखाङ्कन तथा प्रतिवेदन | १२ | | | | |
| ४. | **सूचक क्षेत्र ४ :** अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण | १३ | | | | |
| ५. | **सूचक क्षेत्र ५ :** राजश्व व्यवस्थापन | ६ | | | | |
| **कुल जम्मा** | | **५१** | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

अनुसूची-४

(दफा ३ को उपदफा (३) र दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**<u>मन्त्रालयका सूचकहरूको अवस्था अनुसार वर्गीकरण</u>**

| **प्राताङ्क (प्रतिशत)** | **मूल्याङ्कन** |
|---|---|
| ४० प्रतिशत भन्दा कम सम्म | उच्च जोखिम (कमजोर) |
| ४० प्रतिशत देखि ८० प्रतिशत भन्दा कमसम्म | मध्य जोखिम (सामान्य) |
| ८० प्रतिशत वा सो भन्दा माथि | न्यून जोखिम (उत्तम) |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-५

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

**प्रदेशका एकीकृत सूचकहरुको अवस्था अनुसार अङ्कभार**

| सूचक | भार, नतिजा विश्लेषण तथा अङ्कभार निर्धारणका आधार | | |
|---|---|---|---|
| | जम्मा सूचक संख्या | अवस्था | कुल अङ्कभार |
| एकीकृत विषयक्षेत्र अनुसारका सूचकहरु | २८ | अवस्था १ (कमजोर/उच्च जोखिम) | ० |
| | | अवस्था २ (सामान्य/मध्य जोखिम) | २८ |
| | | अवस्था ३ (उत्तम/न्यून जोखिम) | ५६ |

**द्रष्टव्यः** प्रत्येक सूचकको तीन वटा अवस्था निर्धारण गरिएको छ । अवस्था १, २ र ३ को लागि अङ्कभार क्रमश ०, १ र २ निर्धारण गरिएको छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-६

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

**प्रदेशका एकीकृत सूचकहरूका अवस्था अनुसार मूल्याङ्कन**

## १. योजना बजेट तथा कार्यक्रम व्यवस्थापन

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | **कमजोर (०)** | **सामान्य (१)** | **उत्तम (२)** | **प्रमाणीकरणको आधार र स्रोत** |
| (१) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानून तर्जुमा | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको तर्जुमा नभएको। | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको तर्जुमा भएको। (आधार १) | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको तर्जुमा गरी यसलाई कार्यान्वयनमा ल्याइएको। (आधार १-२) | (१) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानून प्रदेश राजपत्रमा प्रकाशन।<br>(२) प्रदेश सुशासन ऐन बमोजिम तयारी गरिएको वार्षिक प्रतिवेदन। |
| (२) आवधिक योजना | आवधिक योजना तयार नभएको । | आवधिक योजना तयार भई यसको आधारमा परियोजना बैंक तयार गरिएको ।(आधार १-२) | आवधिक योजनाका आधारमा तयार गरिएको परियोजना बैंकलाई वार्षिक योजनामार्फत कार्यान्वयनमा ल्याइएको । (आधार १-३) | (१) आवधिक योजना।<br>(२) परियोजना बैंक।<br>(३) वार्षिक विकास कार्यक्रम। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| (३) मध्यमकालीन खर्च संरचना | मध्यमकालीन खर्च संरचना तयार नभएको । | मध्यमकालीन खर्च संरचना तयार गर्दा आवधिक योजनामा आधारित रहेको । (आधार १) | आवधिक योजनामा आधारित मध्यमकालीन खर्च संरचनालाई कार्यान्वयनमा ल्याइएको । (आधार १-२) | (१) मध्यमकालीन खर्च संरचना।<br>(२) प्रदेश सभामा पेश भएको प्रतिवेदन । |
| (४) प्रदेश आवधिक योजना र मन्त्रालयको ५ वर्षे रणनीतिक कार्यान्वयन योजना | प्रदेश आवधिक योजनाको आधारमा सबै मन्त्रालयले आफ्नो मन्त्रालयको ५ वर्षे रणनीतिक कार्यान्वयन योजना तयार नगरेको। | सबै मन्त्रालयले आफ्नो मन्त्रालयको ५ वर्षे रणनीतिक कार्यान्वयन योजना तयार गरेको। (आधार १-२) | सबै मन्त्रालयले आफ्नो मन्त्रालयको ५ वर्षे रणनीतिक कार्यान्वयन योजना तयार गरी कार्यान्वयनमा ल्याएको। (आधार १-३) | (१) प्रदेश आवधिक योजना।<br>(२) मन्त्रालयको ५ वर्षे रणनीतिक कार्यान्वयन योजना।<br>(३) कार्यान्वयनको अवस्था। |
| (५) वित्तीय समानीकरण अनुदान सम्बन्धी कानून | वित्तीय समानीकरण अनुदान हस्तान्तरण सम्बन्धी कानून तर्जुमा नगरेको । | वित्तीय समानीकरण अनुदान हस्तान्तरण सम्बन्धी कानून तर्जुमा गरेको ।(आधार १) | वित्तीय समानीकरण अनुदान हस्तान्तरण सम्बन्धी कानून तर्जुमा गरी सो बमोजिम वित्तीय समानीकरण अनुदान हस्तान्तरण हुने गरेको ।(आधार १-२) | (१) कानूनको प्रकाशन।<br>(२) वित्तीय समानीकरण अनुदानको वितरण रकम। |
| (६) सशर्त अनुदान सम्बन्धी कानून | सशर्त अनुदान हस्तान्तरण सम्बन्धी कानून तर्जुमा नगरेको । | सशर्त अनुदान हस्तान्तरण सम्बन्धी कानून तर्जुमा गरेको । (आधार १) | सशर्त अनुदान हस्तान्तरण सम्बन्धी कानून तर्जुमा गरी सो बमोजिम सशर्त अनुदान हस्तान्तरण हुने गरेको । (आधार १- २) | (१) कानूनको प्रकाशन।<br>(२) सशर्त अनुदानको वितरण रकम देखिने विवरण। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| (७) विशेष अनुदान सम्बन्धी कानून | विशेष अनुदान हस्तान्तरण सम्बन्धी कानून तर्जुमा नगरेको । | विशेष अनुदान हस्तान्तरण सम्बन्धी कानून तर्जुमा गरेको । (आधार १) | विशेष अनुदान हस्तान्तरण सम्बन्धी कानून तर्जुमा गरी सो बमोजिम विशेष अनुदान हस्तान्तरण हुने गरेको । (आधार १-२) | (१) कानूनको प्रकाशन।<br>(२) विशेष अनुदानको वितरण रकम देखिने विवरण। |
| (८) समपूरक अनुदान सम्बन्धी कानून | समपूरक अनुदान हस्तान्तरण सम्बन्धी कानून तर्जुमा नगरेको। | समपूरक अनुदान हस्तान्तरण सम्बन्धी कानून तर्जुमा गरेको ।(आधार १) | समपूरक अनुदान हस्तान्तरण सम्बन्धी कानून तर्जुमा गरी सो बमोजिम समपूरक अनुदान हस्तान्तरण हुने गरेको । (आधार १-२) | (१) कानूनको प्रकाशन।<br>(२) समपूरक अनुदानको वितरण रकम देखिने विवरण। |
| (९) विशेष अनुदान | गत आर्थिक वर्षमा नेपाल सरकारबाट प्राप्त विशेष अनुदानको रकम ५० प्रतिशतभन्दा कम खर्च भएको । | गत आर्थिक वर्षमा नेपाल सरकारबाट प्राप्त विशेष अनुदानको रकम ५० प्रतिशतभन्दा बढी ८० प्रतिशतभन्दा कम खर्च भएको ।(आधार १) | गत आर्थिक वर्षमा नेपाल सरकारबाट प्राप्त विशेष अनुदानको रकम ८० प्रतिशत भन्दा माथि खर्च भएको । (आधार १) | (१) वार्षिक प्रगति समीक्षा प्रतिवेदन र आर्थिक विवरण। |
| (१०) समपूरक अनुदान | गत आर्थिक वर्षमा नेपाल सरकारबाट प्राप्त समपूरक अनुदानको रकम ५० प्रतिशत भन्दा कम खर्च भएको । | गत आर्थिक वर्षमा नेपाल सरकारबाट प्राप्त समपूरक अनुदानको रकम ५० प्रतिशतभन्दा बढी ८० प्रतिशतभन्दा कम खर्च भएको । (आधार १) | गत आर्थिक वर्षमा नेपाल सरकारबाट प्राप्त समपुरक अनुदानको रकम ८० प्रतिशतभन्दा माथि खर्च भएको । (आधार १) | (१) वार्षिक प्रगति समीक्षा प्रतिवेदन र आर्थिक विवरण। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| (११) सशर्त अनुदान | गत आर्थिक वर्षमा नेपाल सरकारबाट प्राप्त भई खर्च हुन नसकेको सशर्त अनुदानको रकम नेपाल सरकारमा फिर्ता नभएको । | गत आर्थिक वर्षमा नेपाल सरकारबाट प्राप्त भई खर्च हुन नसकेको सशर्त अनुदानको रकम नेपाल सरकारमा फिर्ता भएको। (आधार १) | गत आर्थिक वर्षमा नेपाल सरकारबाट प्राप्त भई खर्च हुन नसकेको सशर्त अनुदानको रकम नेपाल सरकारमा फिर्ता हुनका साथै यस्तो आयोजना कार्यान्वयन नहुनुको कारण प्रतिवेदन गरिएको। (आधार १-२) | (१) वार्षिक प्रगति समीक्षा प्रतिवेदन र आर्थिक विवरण।<br>(२) खर्च नहुनुको कारण खुलेको प्रतिवेदन। |

## २. कार्यान्वयन क्षमता तथा व्यवस्थापन

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य (१) | उत्तम (२) | प्रमाणीकरणको आधार र स्रोत |
| (१) खर्च मापदण्ड | प्रदेश सरकारको खर्च सम्बन्धी मापदण्ड (नर्म्स) तयार नभएको । | प्रदेश सरकारको खर्च सम्बन्धी मापदण्ड (नर्म्स) तयार भएको। (आधार १) | खर्च मापदण्ड कार्यान्वयनमा आएको। (आधार१-२) | (१) प्रदेश राजपत्रमा प्रकाशन।<br>(२) वार्षिक सुशासन प्रतिवेदनमा भएको यस सम्बन्धी प्रगति विवरण। |
| (२) खरिद योजना | सबै मन्त्रालयले वार्षिक खरिद योजना तयार नगरेको। | सबै मन्त्रालयले वार्षिक खरिद योजना तयार गरेको। (आधार १) | सबै मन्त्रालयले वार्षिक खरिद योजना तयार गरी सो आधारमा मात्र खरिद गर्ने गरेको। (आधार १-२) | (१) स्वीकृत वार्षिक खरिद योजना।<br>(२) वार्षिक खरिदको अवस्था। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| (३) खरिद इकाई | सबै मन्त्रालयले खरिद इकाई गठन नगरेको। | सबै मन्त्रालयले खरिद इकाई गठन गरेको ।(आधार १) | खरिद इकाईको निर्णयको आधारमा खरिद गर्ने गरेको। (आधार १-२) | (१) खरिद इकाई गठन।<br>(२) खरिद इकाई मार्फत खरिद गर्ने गरेको। |
| (४) वित्तीय प्रगति | प्रदेश सरकारको समष्टिगत वित्तीय प्रगति ५० प्रतिशतभन्दा कम रहेको। | प्रदेश सरकारको समष्टिगत वित्तीय प्रगति ५० प्रतिशतभन्दा बढी र ८० प्रतिशतसम्म रहेको । (आधार १) | प्रदेश सरकारको समष्टिगत वित्तीय प्रगति ८० प्रतिशतभन्दा बढी रहेको । (आधार १) | (१) प्रदेश सरकारको वार्षिक आर्थिक प्रतिवेदन। |
| (५) प्राथमिकता आयोजनाको प्रगति | प्रदेश सरकारको समष्टिगत प्राथमिकता आयोजनाको वित्तीय प्रगति ५० प्रतिशतभन्दा कम रहेको। | प्रदेश सरकारको समष्टिगत प्राथमिकता आयोजनाको वित्तीय प्रगति ५० प्रतिशतभन्दा बढी र ८० प्रतिशतसम्म रहेको ।(आधार १) | प्रदेश सरकारको समष्टिगत प्राथमिकता आयोजनाको वित्तीय प्रगति ८० प्रतिशतभन्दा बढी रहेको ।(आधार १) | (१) प्रदेश सरकारको वार्षिक आर्थिक प्रतिवेदन। |

## ३. लेखाङ्कन तथा प्रतिवेदन

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | **कमजोर(०)** | **सामान्य(१)** | **उत्तम(२)** | **प्रमाणीकरणको आधार र स्रोत** |
| (१) लेखा सफ्टवेयर (CGAS, TSA) को प्रयोग। | लेखा सफ्टवेयर लाई प्रयोगमा नल्याएको। | प्रदेश सरकारको सबै निकायले सफ्टवेयर लाई प्रयोगमा ल्याएको। (आधार १) | प्रदेश सरकारको राजस्व र खर्च दुवैको लागि सफ्टवेयर प्रयोगमा ल्याएको । (आधार १) | (१) प्रदेश सरकारको वार्षिक आर्थिक प्रतिवेदन। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| (२) आय व्ययको प्रक्षेपण। | आगामी आर्थिक वर्षका लागि आय-व्ययको प्रक्षेपण नगरेको। | आगामी आर्थिक वर्षका लागि आय-व्ययको प्रक्षेपण गरी आफ्नो वेबसाइटमा राखेको। (आधार १) | आगामी आर्थिक वर्षका लागि आय-व्ययको प्रक्षेपण गरी प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पौष मसान्तभित्र अर्थिक मामिला तथा योजना मन्त्रालयमा पेस गरेको र यसलाई आफ्नो वेबसाइटमा समेत राखेको। (आधार १-३) | (१) आय व्ययको प्रक्षेपण।<br>(२) अर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाइएको प्रमाण।<br>(३) वेबसाइटको प्रमाण। |
| (३) वार्षिक प्रगति समीक्षा। | गत आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षको आय व्ययको बजेट कार्यान्वयनको बारेमा गत आर्थिक वर्षमा कार्तिक मसान्तसम्म वार्षिक समीक्षा नगरेको। | गत आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षको आय व्ययको बजेट कार्यान्वयनको बारेमा गत आर्थिक वर्षमा कार्तिक मसान्तसम्म वार्षिक समीक्षा गरेको। (आधार १) | गत आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षको आय व्ययको बजेट कार्यान्वयनको बारेमा गत आर्थिक वर्षमा वार्षिक समीक्षा गरी कार्तिक मसान्तभित्रमा वार्षिक प्रगति समीक्षा प्रतिवेदनलाई वेबसाइटबाट सार्वजनिक गरिएको। (आधार १-२) | (१) वार्षिक प्रगति समीक्षा प्रतिवेदन।<br>(२) वेबसाइटको प्रमाण। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| (४) बेरूजु। | महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याएका बेरूजुका सम्बन्धमा प्रदेश सभाको लेखा समितिमा छलफल नभएको । | महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याएका बेरूजुका सम्बन्धमा प्रदेश सभाको लेखा समितिमा छलफल हुने गरेको । (आधार १) | महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याएका बेरूजुका सम्बन्धमा प्रदेश सभाको लेखा समितिमा छलफल भई प्राप्त सुझाव कार्यान्वयनमा आएको । (आधार १ -२) | (१) लेखा समितिको प्रतिवेदन ।<br>(२) प्रदेश सभाको प्रतिवेदन । |
| (५) सम्पत्तिको अभिलेख। | प्रदेश सरकारको अचल तथा पुँजीगत सम्पत्तिहरूको वार्षिक अद्यावधिक एकीकृत विवरण तयार नभएको । | प्रदेश सरकारको अचल तथा पुँजीगत सम्पत्तिहरूको वार्षिक अद्यावधिक एकीकृत विवरण तयार भएको। (आधार १) | प्रदेश सरकारको अचल तथा पुँजीगत सम्पत्तिहरूको वार्षिक अद्यावधिक एकीकृत विवरण तयार गरी वेबसाइटमा सार्वजनिक गरिएको । (आधार १ -२) | (१) एकीकृत सम्पत्ति विवरणको प्रतिवेदन।<br>(२) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइटमा रहेको प्रदेशको एकीकृत सम्पत्तिको विवरण। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## ४. अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | कमजोर(०) | सामान्य(१) | उत्तम(२) | प्रमाणीकरणको आधार र स्रोत |
| (१) अनुगमन योजना। | सबै मन्त्रालयले वार्षिक अनुगमन तथा सुपरिवेक्षण योजना तयार नगरेको। | सबै मन्त्रालयले वार्षिक अनुगमन तथा सुपरिवेक्षण योजना तयार गरेको। (आधार १) | सबै मन्त्रालयले वार्षिक अनुगमन तथा सुपरिवेक्षण योजना तयार गरी कार्यान्वयनमा ल्याएको। (आधार १-२) | (१) अनुगमन तथा सुपरिवेक्षण योजना।<br>(२) अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन। |
| (२) बेरुजुको अवस्था। | प्रदेशको समष्टिगत बेरुजु कुल आर्थिक कारोबारको २ प्रतिशतभन्दा बढी रहेको। | प्रदेशको समस्टिगत बेरुजु २ प्रतिशत भन्दा कम रहेको। (आधार १) | प्रदेशको समस्टिगत बेरुजु नरहेको। (आधार १) | (१) महालेखा परीक्षकको अन्तिम लेखापरीक्षण प्रतिवेदन। |
| (३) आचार संहिता। | प्रदेश सरकारले सार्वजनिक पदाधिकारीको आचार संहिता तयार नगरेको। | प्रदेश सरकारले सार्वजनिक पदाधिकारीको आचार संहिता तयार गरेको। (आधार १) | प्रदेश सरकारले सार्वजनिक पदाधिकारीको आचार संहिता तयार गर्नका साथै आचार संहितामा वित्तीय अनुशासनका विषयहरु समावेश गरी कार्यान्वयनमा ल्याइएको । (आधार १-२) | (१) वित्तीय आचार संहिताको प्रतिवेदन।<br>(२) प्रदेश सरकारको सुशासन प्रतिवेदन। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

## ५. राजस्व व्यवस्थापन

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य (१) | उत्तम (२) | प्रमाणीकरणको आधार र स्रोत |
| (१) राजस्व संकलन। | प्रदेशको आन्तरिक आय गत आर्थिक वर्षभन्दा नबढेको। | प्रदेशको आन्तरिक आय गत आर्थिक वर्षमा भन्दा ५ प्रतिशतभन्दा कमले बढेको । (आधार १) | प्रदेशको आन्तरिक आय गत आर्थिक वर्षमा भन्दा ५ प्रतिशतभन्दा बढीले बढेको । (आधार १) | (१) प्रदेश सरकारको वार्षिक आर्थिक विवरण । |
| (२) सवारी राजस्व बाँडफाँटको रकम। | सवारी साधन करबाट उठेको रकम स्थानीय तहलाई वितरण नगरेको । | सवारी साधनको स्थानीय तहको हिस्सा स्थानीय तहलाई उपलब्ध गराइएको। (आधार १) | सवारी साधन करको स्थानीय तहको हिस्सा उनीहरुलाई उपलब्ध गराईएको र स्थानीय तहबाट प्राप्त गर्नुपर्ने साझा अधिकारको करको हिस्सा प्रदेशले प्राप्त गरेको । (आधार १) | (१) प्रदेश सरकारको वार्षिक आर्थिक विवरण । |
| (३) सवारी बाहेक अन्य करबाट प्राप्त राजश्व बाँडफाँटको रकम। | स्थानीय तहबाट प्राप्त गर्नुपर्ने मनोरञ्जन कर, दहत्तर बहत्तर कर, विज्ञापन कर, घर जग्गा रजिष्ट्रेसन करबाट पाउनुपर्ने रकम प्राप्त नगरेको। | स्थानीय तहबाट प्राप्त गर्नुपर्ने मनोरञ्जन कर, दहत्तर बहत्तर कर, विज्ञापन कर, घर जग्गा रजिष्ट्रेसन करबाट पाउनुपर्ने हिस्सा स्थानीय तहलाई उपलब्ध गराइएको। (आधार १) | स्थानीय तहबाट प्राप्त गर्नुपर्ने मनोरञ्जन कर, दहत्तर बहत्तर कर, विज्ञापन कर, घर जग्गा रजिष्ट्रेसन करको स्थानीय तहको हिस्सा उनीहरुलाई उपलब्ध गराईएको र स्थानीय तहबाट प्राप्त गर्नुपर्ने साझा अधिकारको करको हिस्सा प्रदेशले प्राप्त गरेको । (आधार १) | (१) प्रदेश सरकारको वार्षिक आर्थिक विवरण । |

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| (४) राजस्व बाँडफाँटको रकमको विकासमा उपयोग। | प्रदेशको आन्तरिक राजश्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सहितको कुल राजस्व रकम प्रशासनिक खर्चमा मात्र उपयोग गरेको। | प्रदेशले उठाएको राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सहितको कुल राजस्व रकमबाट प्रशासनिक खर्च पूरा गरी बाँकी रकम विकास निर्माण कार्यमा उपयोग गरेको। (आधार १) | प्रदेशले उठाएको राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सहितको कुल राजस्व रकमबाट प्रशासनिक खर्च पूरा गरी बाँकी रकम विकास निर्माण कार्यमा उपयोग गरेको र यस्तो रकमको हिस्सा गत आर्थिक वर्षमा भन्दा चालु आर्थिक वर्षमा बढी रहेको। (आधार १) | (१) प्रदेश सरकारको वार्षिक समीक्षा प्रतिवेदन र वार्षिक आर्थिक विवरण। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-७

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

**<u>प्रदेशका एकीकृत सूचकहरूको अवस्था अनुसारको (सारांश तालिका)</u>**

| बिषयक्षेत्र | सूचक संख्या | अङ्कभार | प्राप्ताङ्क | | | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | अवस्था १ | अवस्था २ | अवस्था ३ | |
| **बिषय क्षेत्र १ :** योजना बजेट तथा कार्यक्रमको व्यवस्थापन। | ११ | २२ | | | | |
| **बिषय क्षेत्र २ :** कार्यान्वयन क्षमता तथा व्यवस्थापन। | ५ | १० | | | | |
| **बिषय क्षेत्र ३ :** लेखांकन तथा प्रतिवेदन। | ५ | १० | | | | |
| **बिषय क्षेत्र ४ :** अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण। | ३ | ६ | | | | |
| **बिषय क्षेत्र ५ :** राजश्व व्यवस्थापन। | ४ | ८ | | | | |
| **कुल जम्मा** | **२८** | **५६** | | | | |

**<u>द्रष्टव्य</u>**: प्रत्येक सूचकको तीन वटा अवस्था निर्धारण गरिएको छ । अवस्था १, २ र ३ को लागि अङ्कभार क्रमश ०, १ र २ निर्धारण गरिएको छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-८

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

**प्रदेशका एकीकृत सूचकहरूको अवस्था अनुसार वर्गीकरण**

| **प्राप्ताङ्क (प्रतिशत)** | **नतिजा** |
|---|---|
| ४० प्रतिशत भन्दा कम | उच्च जोखिम (कमजोर) |
| ४० प्रतिशत देखि ८० प्रतिशत भन्दा कम सम्म | मध्य जोखिम (सामान्य) |
| ८० प्रतिशत वा सो भन्दा माथि | न्यून जोखिम (उत्तम) |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-९

(दफा ४ को उपदफा (३) र दफा ६ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

## वित्तीय सुशासन जोखिम न्यूनीकरण कार्ययोजनाको ढाँचा

१. पृष्ठभूमिः

२. लक्ष्यः

३. उद्देश्यः

४. वित्तीय सुशासन जोखिमको परिचयः

५. प्रदेशको वित्तीय सुशासन जोखिमका आयामहरुः

६. वित्तीय सुशासन जोखिमका प्रकार, तहहरु तथा श्रेणीः

७. वित्तीय सुशासन जोखिम न्यूनीकरण कार्ययोजनाको रणनीतिक प्राथमिकताहरुः

८. वित्तीय जोखिम न्यूनीकरण कार्ययोजनको दायराः

९. वित्तीय जोखिम न्यूनीकरण कार्ययोजनाको अवधिः

१०. वित्तीय जोखिम न्यनूनीकरण कार्ययोजना तर्जुमा प्रक्रियाः

११. वित्तीय सुशासन जोखिम मूल्याङ्कन सारांशः

१२. वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना (तल प्रस्तुत गरिएको ढाँचा अनुसार):

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# वित्तीय सुशासन जोखिम न्यूनीकरण कार्ययोजनाको ढाँचा

## १. योजना बजेट तथा कार्यक्रम व्यवस्थापन (Planning, Budgeting and Programme Management)

| अपेक्षित नतिजा १: योजना, बजेट तथा कार्यक्रम प्रणाली प्रभावकारी भएको हुने | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अपेक्षित परिणाम | संकेत नम्बर | पहिचान भएका संभावित जोखिमहरु | जोखिमको वर्गीकरण | जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपाय | समय सीमा | माइलस्टोन/ मापनको आधार र श्रोतहरु | जिम्मेवार व्यक्ति/निकाय |
| १.१ योजना प्रक्रियामा सुदृढीकरण | १.१.१ | आवधिक योजनामा आधारित भएर वार्षिक योजना तथा कार्यक्रम तयार नहुने। | मध्यम | आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट बिच तालमेल गर्ने। | | प्रदेश तथा मन्त्रालयगत मध्यमकालीन खर्च संरचनाहरु तयार भएको। | |
| | १.१.२ | | | | | | |
| | १.१.३ | | | | | | |
| १.२ | १.२.१ | | | | | | |
| | १.२.२ | | | | | | |
| १.३ | १.३.१ | | | | | | |
| | १.३.२ | | | | | | |

## २. कार्यान्वयन क्षमता तथा व्यवस्थापन (Implementation Capacity and Management)

| अपेक्षित नतिजा २: कार्यक्रम कार्यान्वयनमा सुधार भएको हुने | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अपेक्षित परिणाम | संकेत नम्बर | पहिचान भएका संभावित जोखिमहरु | जोखिमको वर्गीकरण | जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपाय | समय सीमा | माइलस्टोन⁄ मापनको आधार र श्रोतहरु | जिम्मेवार व्यक्ति⁄निकाय |
| २.१ प्रदेश अन्तर्गतका कार्यहरुमा समयमा नै बजेट निकासा हुने सुनिश्चितता। | २.१.१ | सम्बन्धित कार्यालयमा बजेट अख्तियारी प्रदान गर्न ढिलाई हुने। | मध्यम | LMBIS बाट स्वतः बजेट निकासा हुने व्यवस्था मिलाउने । | | बजेट तयार तथा कार्यान्वयनमा LMBIS पूर्ण प्रयोग गरिएको। | |
| | २.१.२ | | | | | | |
| २.२ | २.२.१ | | | | | | |
| | २.२.२ | | | | | | |
| २.३ | २.३.१ | | | | | | |
| | २.३.२ | | | | | | |
| २.४ | २.४.१ | | | | | | |
| | २.४.२ | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## ३. लेखाङ्कन तथा प्रतिवेदन (Accounting and Reporting)

| **अपेक्षित नतिजा ३: सुदृढ लेखापालन, प्रतिवेदन तथा लेखाप्रणाली लागू भएको हुने** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अपेक्षित परिणाम | संकेत नम्बर | पहिचान भएका संभावित जोखिमहरु | जोखिमको वर्गीकरण | जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपाय | समय सीमा | माइलस्टोन/ मापनको आधार र श्रोतहरु | जिम्मेवार व्यक्ति/निकाय |
| ३.१ लेखा प्रणालीमा सुधार गर्ने | ३.१.१ | कानून बमोजिम तोकिएको लेखापालन मापदण्ड पालना नभएको। | उच्च | लेखापालनमा एकीकृत आर्थिक संकेत तथा लेखा फारामको पूर्ण उपयोग। | | एकीकृत आर्थिक संकेत प्रयोग तथा लेखाङ्कनका लागि तोकिएको सफ्टवेयर प्रयोगमा आई CIGAS+ पूर्णरुपमा लागू गरिएको । | |
| | ३.१.२ | | | | | | |
| ३.२ | ३.२.१ | | | | | | |
| | ३.२.२ | | | | | | |
| ३.३ | ३.३.१ | | | | | | |
| | ३.३.२ | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## ४. अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण (Monitoring, Evaluation and Auditing)

| अपेक्षित नतिजा ४: प्रभावकारी वित्तीय अनुगमन, पारदर्शीता, जवाफदेहिता बढोत्तरी हुने | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अपेक्षित परिणाम | संकेत नम्बर | पहिचान भएका संभावित जोखिमहरु | जोखिमको वर्गीकरण | जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपाय | समय सीमा | माइलस्टोन/ मापनको आधार र श्रोतहरु | जिम्मेवार व्यक्ति/निकाय |
| ४.१ अनुगमन प्रणाली सुधार गरी नतिजामूलक बनाउने। | ४.१.१ | प्रभावकारी अनुगमन प्रणाली विकास नगरिएको। | उच्च | सूचकमा आधारित व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने। | | अनुगमन प्रतिवेदनहरु तथा व्यवस्थापन सूचना प्रणाली आदि। | |
| | ४.१.२ | | | | | | |
| ४.२ | ४.२.१ | | | | | | |
| | ४.२.२ | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## ५. राजस्व व्यवस्थापन (Revenue Management)

| अपेक्षित नतिजा ५: प्रदेशको राजश्व प्रशासन तथा व्यवस्थापनमा सुधार भएको हुने | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अपेक्षित परिणाम | संकेत नम्बर | पहिचान भएका संभावित जोखिमहरु | जोखिमको वर्गीकरण | जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपाय | समय सीमा | माइलस्टोन⁄ मापनको आधार र श्रोतहरु | जिम्मेवार व्यक्ति⁄निकाय |
| ५.१ आन्तरिक राजश्व व्यवस्थापनमा सुधार गर्ने | ५.१.१ | प्रक्षेपण गरिए अनुसार आन्तरिक राजश्व संकलन नभएको । | उच्च | राजश्व प्रक्षेपण तथा सुधार योजना तयार गरि लागु गर्ने। | | राजश्व अध्ययन प्रतिवेदन आदि। | |
| | ५.१.२ | | | | | | |
| ५.२ | ५.२.१ | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश